☎/☏ कार्यालय : ०७६-५४०११४
☏ कार्यालय प्रमुख :९८५७०८७६९९
☏ सुचना अधिकारी :९७६६६३७८८७

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
**वन निर्देशनालय**

# डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

**चन्द्रौटा, कपिलवस्तु**

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०७।२७

यस कार्यालयको चालु आ.व. २०८२।०८३, ब.उ.शि.नं. ३२९९११२१३ को समृद्धिका लागि वन शिर्षकको बार्षिक स्वीकृत कार्यक्रम "सामुदायिक वनको कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान कार्यक्रम)" को लागि विनियोजित बजेटबाट सामुदायिक वन उपभोक्ता समूहहरुको विधान कार्ययोजना तयारी र स्वीकृत कार्ययोजना तथा समूहको स्वीकृत बार्षिक कार्यक्रमहरु ( दिगो वन व्यवस्थापनको क्रियाकलापहरु जस्तै पुनरुत्पादन अभिवृद्धि कार्य, पुनरुत्पादन तथा कटान क्षेत्रको संरक्षणको लागि तारबार, कार्ययोजना तयारी, नविकरण, वृक्षरोपण, वन डढेलो नियन्त्रणका लागि फायरलाइन निर्माण, मर्मत, मिचाह प्रजाति नियन्त्रण तथा व्यवस्थापन, पत्ल्याउने र सुधार कटान योजना तयारी, सिमसार पानी पोखरी व्यवस्थान आदि) कार्यान्वयनको लागि प्रस्तावनाको आधारमा समूहले कम्तीमा ५० प्रतिशत लागत सहभागिता गर्ने गरि प्रति समूह बढीमा रु.५,००,०००/- (अक्षरुपी पाँच लाख मात्र) समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउन सकिने हुँदा कार्यविधिमा उल्लेखित व्यवस्था एवं शर्त बमोजिम अनुदान सहयोग प्राप्त गर्न इच्छुक र योग्यता पुगेका यस कार्यालय अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावनाको ढाँचा र अन्य बिस्तृत जानकारी कार्यालयको वेबसाईट https:// dfogautambuddha.lumbini.gov बाट प्राप्त गर्न सकिनेछ ।

महेन्द्र राज बास्ति
सिनियर डिभिजनल वन अधिकृत